# धन सम्पत्ति र इच्छा लालसा

[ नेपाली - Nepali - نيبالي ]


लेखकः

अतीकुर्रहमान मो.इदरीस खान मक्की

संशोधकः

मुहम्मद इदरीस सलफी



2015 - 1436

IslamHouse.com

# المال والآمال

« باللغة النيبالية »

تأليف:

عتيق الرحمن محمد إدريس خان مكي

المراجعة:

محمد إدريس سلفي

2015 - 1436

IslamHouse.com

بسم الله الرحمن الرحيم

सर्वाधिकार लेखकमा सुरक्षित छ ।

पुस्तक पाइने ठेगाना -:
*इस्लामिक गाइडेन्स सेन्टर कपिलवस्तु नगरपालिका
व.नं. ९ महुवा तौलिहवा कपिलवस्तु (नेपाल)
सम्पर्क नं. ००९७७-९७२७६४९२३८
९८१४४९९१४०
सउदी नं. ००९६६५०१३७२२५४
*इस्लामिक गाइडेन्स सेन्टर रबवा अल् रियाज सउदी अरबीया

Email- atiqkhannp1982@yahoo.com

# प्रस्तावना

अलहम्दु लिल्लाहि नहमदुहु व नस्तईनुहु व नस्तगफिरहु व नऊजु बिल्लाहि मिन शुरूरि अनफुसिना व मिन सईयाति अअ्मालिना, मैँयहदिहिल्लाहु फलामुजिल्ला लहु व मैँयुजलिल्हु फला हादियालहु व अश्हदु अल्लाइलाहा इल्लल्लाहु व अश्हदु अन्ना मुहम्मदन् अब्दुहु व रसूलुहु । ( अम्मा बअ्द)

समस्त प्रकारका प्रशंसाहरू अल्लाहकै लागि छन् जसले सर्म्पूण ब्रह्माण्डलाई सृष्टि गऱ्यो, र मानवलाई ज्ञान प्रदानगरी सर्वश्रेष्ठ जीवधारी बनायो । र अल्लाहको कृपा र शान्ति अवतरित होस् अल्लाहका समस्त दूतहरू माथि र विशेषगरी समस्त सन्देष्टाहरूको समापक अन्तिम संदेष्टा मुहम्मद सल्लल्लाहो अलैहे वसल्लममाथि जहाँको अनुयायी हनुको हामीलाई गौरव प्राप्त छ । र शान्ति होस् उहाँका घरपरिवार र उहाँका मनोनीत साथीहरू माथि जहाँहरूले यस सर्वव्यापी धर्मलाई पूर्ण संसार सम्म पुऱ्याए, र अल्लाह उनीसित प्रसन्न भएर भन्यो कि तमीहरू जे मनपरे गर मतिमीहरूलाई माफ गरें । र शान्ति होस् उनी सबैहरू माथि जुन यस इस्लामको प्रचार प्रसार गरे र इस्लामको उन्नति र प्रगतिमा सहभागी भए, र मुहम्मदको पद्धतिलाई उत्तम मानी उसैमाथि कार्यरतरही आफ्नो जीवन व्यतीत गरे ।

प्रस्तुत पुस्तिकामा मानवजातिको धन सम्पत्तिको लाल्सालाई स्पष्ट पार्ने प्रयास गरेको छु, किनकि प्रत्येक मान्छे अधिकभन्दा अधिक सम्पत्ति थुपार्ने प्रयासमा हुन्छ । अधिकांश त यस क्रममा हलाल हराममा पनि भिन्नता गर्दैनन् बरु धनलाई हलाल हराम दुवै तरिकाले थुपार्न चाहन्छन् । तर यो यस्तो लाल्सा हो जुन कहिले पनि पूर्ण हुँदैन चाहे मान्छे पूर्ण संसारको मालिक किन नभइहालोस् । तसर्थ माल कमाउने वैधानिक र अवैधानिक तरिकाहरू र त्यसबाट कमाइएको मालको परिणामको बारेमा संक्षेपमा चर्चा गर्ने प्रयास गरेको छु ।

मलाई आशा छ कि यो सानो पुस्तिका तपाईहरूको लागि लाभप्रद सिद्ध हुनेछ । अल्लाह सित विन्ती छ कि मेरो यो सानो प्रयासलाई कबूल गरी मलाई र मेरो घरपरिवारका समस्त सदस्यहरूलाई स्वर्ग प्रदान गरुन् (आमीन)


**लेखक**

**अतीकुर्रहमान मोहम्मद इदरीस खान मक्की**

**कपिलवस्तु नगरपालिका वार्ड न.९ महुवा**

**तौलिहवा कपिलवस्तु नेपाल**

**मो.नं. ००९७७–९८४७०३०७८०,९८१४४९९१४०**

**Mob.00977-9727649238,9814499140**

वास्तवमा यस संसारमा भएका मानव जातिहरूको हृदयमा केही कुराहरूको मोह, माया, लोभ लालसा केही अन्यभन्दा अधिक हुन्छ, र धन सम्पत्ति र संतानको लोभ र लालसा त जन्मैदेखि नै मनुष्यमा जागृत हुन्छ, र यसको लोभ प्रकृतिक तौरले नै त्यसको हृदयमा जागृत हुन्छ। जस्तोकि अल्लाहको फर्मान छ :

﴿ زُيِّنَ لِلنَّاسِ حُبُّ ٱلشَّهَوَٰتِ مِنَ ٱلنِّسَآءِ وَٱلْبَنِينَ
وَٱلْقَنَٰطِيرِ ٱلْمُقَنطَرَةِ مِنَ ٱلذَّهَبِ وَٱلْفِضَّةِ وَٱلْخَيْلِ
ٱلْمُسَوَّمَةِ وَٱلْأَنْعَٰمِ وَٱلْحَرْثِ ۗ ذَٰلِكَ مَتَٰعُ ٱلْحَيَوٰةِ
ٱلدُّنْيَا ۖ وَٱللَّهُ عِندَهُۥ حُسْنُ ٱلْمَـَٔابِ ﴿١٤﴾ ﴾ آل عمران: ١٤

अर्थ : मानिसहरूमा तिनलाई मनपर्ने चीजहरूको माया समाविष्ट गराइयो अर्थात् स्वास्नीहरू, छोराहरू र सुनचाँदीको खर खजाना र शान्दार घोडाहरू, र पशुहरू र खेतीपाती यी संसारिक जिन्दगीका सामग्री हुन्, र राम्रो फर्कने ठाउँ त अल्लाह कहाँ नै छ। ( सूरतु आले इम्रान १४ )

अर्थात सुन्दरीको इच्छा, धन सम्पत्तिको इच्छा प्रत्येक मान्छेलाई हुन्छ, तर यदि त्यसलाई जायज (वैधानिक) तरिकाले प्राप्त गरोस् भने यसमा कुनै दोष छैन ।

समाजमा उपद्रव त्यस समय उत्पन्न हुन्छ जब मनुष्य यसलाई अमानवीय र हराम तरिकाबाट प्राप्त गर्न इच्छुक हुन्छ। र अधिकतम धनवान र सम्पन्न मान्छेहरूले कसै न कसैको हक हनन् गरेर सम्पन्न र समृद्ध भएका हुन्छन् यस्तो यस संसारमा देखिन्छ। र यसैकारण समाजमा विगार र उपद्रवको उत्पात हामी हेर्दछौं । अल्लाहको फर्मान छ :

﴿ وَتَأۡكُلُونَ ٱلتُّرَاثَ أَكۡلٗا لَّمّٗا ١٩ وَتُحِبُّونَ ٱلۡمَالَ حُبّٗا جَمّٗا ٢٠ ﴾ الفجر: ١٩ - ٢٠

अर्थ : र मृतकको सारा माल समेटेर खाइदिन्छौ । र धनसित अत्यन्त प्रेम गर्दछौ । ( सूरतुल् फज्र १९,२० )

अर्थात माल थुपार्नुको उन्मादमा कसैको पनि हक हनन् गरिहाल्छौ चाहे त्यो तिम्रा आफन्ती किन नहोउन् ।

जस्तोकि अनभिज्ञ कालमा मान्छेहरू आफ्ना साखबै छोरी, स्वास्नी, र आमाको पैतृक धन

खाइदिन्थे, जसलाई उपरोक्तको कुरआनको श्लोकले दर्शाउन खोजेको छ ।

र यस संसारको पहिलो हत्या पनि महिला र धनको अनाहक र निराधार तरिकाले प्राप्तिको कारण नै भएको थियो । जस्तोकि पवित्र कुरआनमा विस्तारले यसको वर्णन छ । अल्लाह यसको बारेमा खबर दिँदै भनेका छन् :

﴿ ۞ وَٱتۡلُ عَلَيۡهِمۡ نَبَأَ ٱبۡنَيۡ ءَادَمَ بِٱلۡحَقِّ إِذۡ قَرَّبَا قُرۡبَانٗا
فَتُقُبِّلَ مِنۡ أَحَدِهِمَا وَلَمۡ يُتَقَبَّلۡ مِنَ ٱلۡأٓخَرِ قَالَ لَأَقۡتُلَنَّكَۖ
قَالَ إِنَّمَا يَتَقَبَّلُ ٱللَّهُ مِنَ ٱلۡمُتَّقِينَ ﴿٢٧﴾ لَئِنۢ بَسَطتَ إِلَيَّ يَدَكَ
لِتَقۡتُلَنِي مَآ أَنَا۠ بِبَاسِطٖ يَدِيَ إِلَيۡكَ لِأَقۡتُلَكَۖ إِنِّيٓ أَخَافُ ٱللَّهَ
رَبَّ ٱلۡعَٰلَمِينَ ﴿٢٨﴾ إِنِّيٓ أُرِيدُ أَن تَبُوٓأَ بِإِثۡمِي وَإِثۡمِكَ فَتَكُونَ
مِنۡ أَصۡحَٰبِ ٱلنَّارِۚ وَذَٰلِكَ جَزَٰٓؤُاْ ٱلظَّٰلِمِينَ ﴿٢٩﴾ فَطَوَّعَتۡ
لَهُۥ نَفۡسُهُۥ قَتۡلَ أَخِيهِ فَقَتَلَهُۥ فَأَصۡبَحَ مِنَ ٱلۡخَٰسِرِينَ ﴿٣٠﴾
فَبَعَثَ ٱللَّهُ غُرَابٗا يَبۡحَثُ فِي ٱلۡأَرۡضِ لِيُرِيَهُۥ كَيۡفَ يُوَٰرِي
سَوۡءَةَ أَخِيهِۚ قَالَ يَٰوَيۡلَتَىٰٓ أَعَجَزۡتُ أَنۡ أَكُونَ مِثۡلَ هَٰذَا
ٱلۡغُرَابِ فَأُوَٰرِيَ سَوۡءَةَ أَخِيۖ فَأَصۡبَحَ مِنَ ٱلنَّٰدِمِينَ ﴿٣١﴾

مِنۡ أَجۡلِ ذَٰلِكَ كَتَبۡنَا عَلَىٰ بَنِيٓ إِسۡرَٰٓءِيلَ أَنَّهُۥ مَن قَتَلَ
نَفۡسَۢا بِغَيۡرِ نَفۡسٍ أَوۡ فَسَادٖ فِي ٱلۡأَرۡضِ فَكَأَنَّمَا قَتَلَ
ٱلنَّاسَ جَمِيعٗا وَمَنۡ أَحۡيَاهَا فَكَأَنَّمَآ أَحۡيَا ٱلنَّاسَ
جَمِيعٗاۚ وَلَقَدۡ جَآءَتۡهُمۡ رُسُلُنَا بِٱلۡبَيِّنَٰتِ ثُمَّ إِنَّ كَثِيرٗا
مِّنۡهُم بَعۡدَ ذَٰلِكَ فِي ٱلۡأَرۡضِ لَمُسۡرِفُونَ ٣٢

المائدة: ٢٧ - ٣٢

अर्थ : (हे मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम !) तिनीहरूलाई आदम(अलैहिस्सलाम)का दुईटा छोरा (हाबील र काबील) का कुराहरू पनि सुनाई दिनु कि जब ती दुबैले (अल्लाहलाई) केही भेंट अर्पित गरे, तब एउटाको भेंटी स्वीकार भयो र अर्कोको स्वीकार भएन । उसले (काबीलले) भन्न थाल्यो कि मैले तिमीलाई हत्या गर्नेछु । (हाबीलले) भन्यो कि अल्लाहले आत्म संयमीहरूको कर्म स्वीकार गर्ने गर्दछ । यदि तिमीले मलाई मार्न हात उठाउँछौ भने म तिमीलाई मार्न हात उठाउन्न, मलाई त अल्लाह, सम्पूर्ण ब्रह्माण्डको स्वामीबाट डर लाग्छ । म त चाहन्छु कि तिमीले मेरो पाप र आफ्नो पाप आफ्नै टाउकोमा राख जसलेगर्दा तिमी नर्कीयहरूमध्ये होऊ र अत्याचारीहरूको

लागि यही नै दण्ड हो। यसरी उसको मनले उसलाई आफ्नो भाइको हत्या गर्न उत्तेजित गऱ्यो अनि उसले उसको हत्या गरिहाल्यो र जसबाट आफू हानि भोग्नेहरूमा परिहाल्यो। त्यसपछि अल्लाहले एउटा काग पठायो, जसले कि माटो यसकारण खनिरहेको थियो कि त्यसलाई देखाओस् कि उसले आफ्नो भाइको मृतक शरीर कसरी लुकाओस्। उसले भन्न थाल्यो कि ज्यादै दुःखको कुरो छ कि मबाट यति पनि हुन सकेन कि म यस काग जस्तो आफ्नो भाइको शव लुकाउन सकूँ। अनि उसलाई पछुतो भयो र ऊ लज्जितहरूमध्ये भयो। यस कारणले हामीले इस्राईलका मानिसहरूका लागि यो आदेश गऱ्यौं कि यदि कुनै मानिसले कुनै मानिसको हत्या गर्दछ कसैको हत्या गरेको वा देशमा उपद्रव फैलाउने बाहेकको अवस्थामा, भने त्यसले अन्य तमाम मानिसहरूको हत्या गरे सरह हुनेछ, र यदि कसैले एउटाको जीवन बचायो भने सम्पूर्ण मानिसहरूको जीवन बचाए सरह हुन्छ। र तिनीहरू कहाँ हाम्रा धेरै पैगम्बरहरू स्पष्ट तर्कहरूलिएर पुगिसकेका छन्। अनि यसपछि पनि तिनीहरूमध्ये धेरैले मुलुकमा बलजफ्ती र ज्यादती गर्ने गर्दछन्। (सूरतुल् माइदः २७-३२)

र आज पनि आफ्नो वरिपरि हेरेमा बरु मानव इतिहास हेरेमा हामीलाई यो थाहा हुन्छ कि समस्त युद्ध र संघर्षको कारण धन र महिला नै हुन् । हिन्दू धर्मको प्रसिद्ध युद्ध महाभारतलाई पनि धन र महिलाको कारण भएको हो यस्तो हिन्दूहरूको भनाई छ । अब यो युद्ध भएछ कि भएछैन यसलाई पत्तयाउने यो ठाउँ होइन, तर कारण यसमा पनि त्यही सुदर्शित गरिएको छ जसको बारेमा हामी कुरा गरिरहेका छौं ।

इस्लाम आउनुभन्दा अघि पनि यस संसारमा ठुलठूला भयंकर युद्धहरू भएका थिए यो हामीलाई इतिहासको पानाबाट थाहा हुन्छ, तर सबै युद्धमा एक कुरो एकनास थियो, र त्यो हो युद्धको कारण । र त्यो कारण हो धन र महिला । सम्पत्ति र महिला यी दुईटै यस्ता कुराहरू हुन् जुन भाइलाई भाइसित युद्धरत गरिदिन्छन्, छोरालाई बाबु विरुद्ध गरिदिन्छन् ।

मैले भनिरहेको कुरा कुनै विचित्र कुरा होइन बरु अधिकांश मान्छेहरूलाई यो कुरा भलिभाँति थाहा छ, तै पनि सबै यसैको मोह माया र लालसामा लिप्त देखिन्छन् र म पनि त्यसमध्ये एक हूँ, म पनि मानिस हूँ कुनै फरिश्ता होइन । तर मेरो भनाई के छ भने यस मोह र लालसाबाट कसरी

मुक्त हुने ? यो कुराको ज्ञान भएमा केहीलाई फाइदा अवश्य पुग्नेछ र केही निराधार मोहबाट सुरक्षित भए भने मेरो लेख्ने उद्देश्य पूर्ण भइहाल्छ ।

इस्लाम माल धन, सम्पत्ति महिला एवं सन्तानको त्यो मोह माया र लालसा विरुद्ध छैन जुन जायज होस् बरु त्यस लालसा विरुद्ध छ जुन नाजायज ( अवैध) छन् यसलेगर्दा यसै विन्दुमा कुरा गरौं । वस्तवमा हामी हाम्रा धन सम्पत्ति संतान स्वास्नी अर्थात यस ब्रह्माण्डको कण कण अल्लाहकै हो सबैमाथि त्यसैको अधिपत्य र वर्चस्व कायम छ, सबैको जन्मदाता त्यो एकलो अल्लाह नै हो । त्यो जसलाई चाहन्छ त्यसको जीविका संकुचित गरिदिन्छ । र जसलाई चाहन्छ प्रशस्त जीविका प्रदान गरिदिन्छ । जसलाई चाहन्छ राजा बनाइदिन्छ, र जसलाई चाहन्छ प्रजा बनाइदिन्छ ।

तर विचार गर्ने योग्य कुरा के छ भने यस्तो किन ? यसको उद्देश्य के हो ?

यसको उत्तर मात्र यही होः हाम्रो परिक्षाको लागि । अल्लाह हामीलाई सम्पन्न गरेर परीक्षा लिन्छ र गरीब गरेर पनि, सन्तान दिएर पनि, र सन्तान लिएर पनि एवं निःसन्तान बनाएर पनि । ताकि

हेरोस् कि को छ जुन त्यसको कृतज्ञता प्रकट गर्छ । अल्लाहको फर्मान छ :

﴿ وَلَنَبۡلُوَنَّكُم بِشَيۡءٖ مِّنَ ٱلۡخَوۡفِ وَٱلۡجُوعِ وَنَقۡصٖ مِّنَ ٱلۡأَمۡوَٰلِ وَٱلۡأَنفُسِ وَٱلثَّمَرَٰتِۗ وَبَشِّرِ ٱلصَّٰبِرِينَ ١٥٥ ٱلَّذِينَ إِذَآ أَصَٰبَتۡهُم مُّصِيبَةٞ قَالُوٓاْ إِنَّا لِلَّهِ وَإِنَّآ إِلَيۡهِ رَٰجِعُونَ ١٥٦ أُوْلَٰٓئِكَ عَلَيۡهِمۡ صَلَوَٰتٞ مِّن رَّبِّهِمۡ وَرَحۡمَةٞۖ وَأُوْلَٰٓئِكَ هُمُ ٱلۡمُهۡتَدُونَ ١٥٧ ﴾ البقرة: ١٥٥ - ١٥٧

अर्थ : र, हामीले कुनै न कुनै तरिकाबाट शत्रुको त्रास, भोकबाट, धन-सम्पत्ति, ज्यान र फलहरूको कमीबाट तिम्रो परीक्षा गर्नेछौं, (तसर्थ) धैर्य गर्नेहरूलाई शुभ सन्देश सुनाइदिनु । यिनीहरूलाई जब कुनै आपत-विपत्ति आउँछ त भन्दछन् कि हामी अल्लाहकै अधीनमा हौं र हामी उसैतिर फर्केर जानेवाला छौं । यिनीहरूमाथि नै उनको पालनकर्ताको कृपा र उपकारहरू छन् र यिनै सत्य बाटोमा छन् । ( सूरतुल् बकर: १५५-१५७ )

र आर्को ठाउँमा अल्लाहको फर्मान छ :

﴿ كُلُّ نَفْسٍ ذَآئِقَةُ ٱلْمَوْتِۗ وَنَبْلُوكُم بِٱلشَّرِّ وَٱلْخَيْرِ فِتْنَةًۖ وَإِلَيْنَا تُرْجَعُونَ ﴿٣٥﴾ ﴾ الأنبياء: ٣٥

अर्थ : प्रत्येक जीवले मृत्युको स्वाद चाख्नुपर्नेछ र हामीले राम्रो नराम्रो परिस्थितिहरूमा पारेर तिमी सबैको परीक्षा लिन्छौं । अन्ततः तिमी सबैले हामीतिरै फर्केर आउनु छ । ( सूरतुल् अम्बिया ३५ )

अर्थात अल्लाह धन दिएर परीक्षा लिन्छ कि तिमी त्यसबाट सबैको हक दिन्छौ कि दिदैनौं, त्यसको मार्गमा खर्च गर्छौ कि गर्दैनौ वा धन पाएर त्यसको कृतज्ञता प्रकट गर्छौ कि गर्दैनौ । यस्तै निर्धन बनाएर पनि परीक्षा लिन्छ कि तिमी त्यसको पूजा गर्छौ कि गर्दैनौ हलाल तरिकालाई त्यागी हराम तरिका अपनाउछौ कि अपनाउदैनौ .... आदि । अल्लाहको फर्मान छ :

﴿ يَٰٓأَيُّهَا ٱلَّذِينَ ءَامَنُواْ لَا تُلْهِكُمْ أَمْوَٰلُكُمْ وَلَآ أَوْلَٰدُكُمْ عَن ذِكْرِ ٱللَّهِۚ وَمَن يَفْعَلْ ذَٰلِكَ فَأُوْلَٰٓئِكَ هُمُ ٱلْخَٰسِرُونَ ﴿٩﴾ وَأَنفِقُواْ مِن مَّا رَزَقْنَٰكُم مِّن قَبْلِ أَن يَأْتِيَ أَحَدَكُمُ ٱلْمَوْتُ فَيَقُولَ رَبِّ لَوْلَآ أَخَّرْتَنِيٓ إِلَىٰٓ أَجَلٍ قَرِيبٍ

فَأَصَّدَّقَ وَأَكُن مِّنَ ٱلصَّٰلِحِينَ ﴿١٠﴾ وَلَن يُؤَخِّرَ ٱللَّهُ نَفْسًا إِذَا جَآءَ أَجَلُهَاۚ وَٱللَّهُ خَبِيرُۢ بِمَا تَعْمَلُونَ ﴿١١﴾ المنافقون: ٩ - ١١

अर्थ : हे मोमिनहरू (आस्थावानहरु) ! तिम्रा माल, सम्पत्ति र सन्तानले तिमीलाई अल्लाहको स्मरणबाट गाफिल नबनाइदेओस् र जसले यस्तो गर्नेछ त्यसले घाटा बेहोर्ने छ । र जे हामीले तिमीलाई प्रदान गरेका छौं, त्यसबाट खर्च गर यसभन्दा अगाडि कि तिमी मध्ये कसैको मृत्यु भइहालोस् र (त्यसबेला) भन्न थालोस् कि हे मेरो पालनकर्ता अरु समय किन दिएनौ ? म दान गर्दथें र असल मानिसहरूमा शम्मिलित भइहाल्थें । तर अल्लाहले कुनै व्यक्तिलाई जब उसको निर्धारित समय आई पुग्दछ तब कदापि मोहलत दिंदैन । र जे तिमीले गर्दछौ अल्लाह त्यो सबैबाट अवगत छ । ( सूरतुल् मुनाफिकून ९-११ )

र आर्को ठाउँमा अल्लाहको फर्मान छ :

﴿ كُلُّ نَفْسٍ ذَآئِقَةُ ٱلْمَوْتِۗ وَنَبْلُوكُم بِٱلشَّرِّ وَٱلْخَيْرِ فِتْنَةًۖ وَإِلَيْنَا تُرْجَعُونَ ﴿٣٥﴾ ﴾ الأنبياء: ٣٥

अर्थ : प्रत्येक जीवले मृत्युको स्वाद चाख्नुपर्नेछ र हामीले राम्रो नराम्रो परिस्थितिहरूमा पारेर तिमी सबैको परीक्षा लिन्छौ। अन्ततः तिमी सबैले हामीतिरै फर्केर आउनु छ। ( सूरतुल् अम्बिया ३५ )

तर हेर्न योग्य कुरो के छ भने मुसलमानको लागि यी दुवै अवस्था लाभदायक छन्, यदि त्यो वास्तवमा आस्थावान होस् र इस्लामीय निर्देशनको पालना गर्नेवाला होस् । रसूल सल्लल्लाहो अलैहे वसल्लमको भनाई छ :

अर्थ : आस्थावान मान्छेको कुरा आश्चर्यजनक छ कि त्यसको लागि समस्त अवस्थाहरू लाभप्रद नै छन्, र यो मात्र आस्थावानको लागि विशिष्टि छ कि यदि त्यसलाई सुगमता र प्रसन्नताको आवस्था प्राप्त हुन्छ भने त्यो अल्लाहको आभार प्रकट गर्छ, त यो त्यसको लागि लाभप्रद छ, र यदि त्यसको अवस्था संकुचित र कष्टमय भइहाल्छ भने त्यो संतोष गर्छ, त त्यसको लागि यसमा पनि लाभ नै छ। (मुस्लिम)

किनकि सम्पन्नता दिएर अल्लाह यो नै हेर्न खोजेको छ कि भक्त मेरो कृतज्ञता प्रकट गर्छ वा गर्दैन, र निर्धनताको अवस्थामा मैले दिएको अंश र भागमा संतोष गर्छ वा गर्दैन। अनि त्यो मान्छे

परीक्षामा सफल हुन्छ र लोक परलोक दुवैमा रमाउँछ ।
तर वास्तवमा मान्छे आफ्नो हवस र लालसाको कारण यस परीक्षामा सफल हुन्सक्दैन ती मान्छेहरू बाहेक जसलाई अल्लाह चाहोस् ।
अधिकतम् मान्छेहरू आफ्नो लालसाको उन्मादमा त्यही कार्यतर्फ आकर्षित हुन्छन् जसबाट रोकिएको छ र त्यो कर्म नै गर्छन् जुन हराम छ ।
जसलाई अल्लाह सम्पन्नता प्रदान गर्छ त्यो समृद्ध भए पश्चात अभिमान गर्न थाल्छ र अरु धन थुपार्ने इच्छा लिई अरुको हक हनन् गर्नथाल्छ, र कतिपय यस्ता हुन्छन् कि कसैको हक अधिकार त हनन् गर्दैनन् तर समृद्ध भए बित्तिकै व्यभिचार दुराचार .... आदि तर्फ प्रवृत्त भइहाल्छन् । र तिनीहरूको पासमा जबसम्म समृद्धता र सम्पन्नता थिएन तब त अल्लाहकै गुणगान गरिराखेका थिए तर सम्पन्नता पश्चात अल्लाहलाई बिर्सेर शैतानको अनुशरणकारी भए । रसूल सल्लल्लाहो अलैहे वसल्लमको एउटा हदीस छ : “उहाँ सल्लल्लाहो अलैहे वसल्लमले सहाबाहरूसित भने: म तिमीहरूको विपन्नताबाट चिंतित छैन बरु मलाई तिम्रो सम्पन्नतामा

चिन्ता छ, किनकि जब तिमीहरू सम्पन्न भइहाल्छौ त तिमीहरू पनि सम्पन्नतामा त्यस्तै एकआर्कासित प्रतिस्पर्धा गर्नेछौ जसरी विगतका मान्छेहरूले गरे, अनि यो सम्पन्नता तिमीहरूलाई पनि उस्तै अल्लाहको पूजा र स्मरणबाट गाफिल गरिदिनेछ जसरी उनीहरूलाई गाफिल गरिदियो" । ( बुखारी )

र जब अल्लाह विपन्नता दिएर परीक्षा दिन्छ त मान्छे विपन्नताबाट आत्तिएर चोरी डकैती .. आदि गर्नथाल्छ, आर्काको हक हनन् गर्नथाल्छ, र अवस्था यहाँसम्म पुग्दछ कि त्यो अल्लाहलाई पनि गाली गर्नथाल्छ । र संतोष नगरिकन् कुबाटोमा हिंडन लाग्छ र मालको यति लोभी भइहाल्छ कि हलाल हरामको कुनै फर्क र भिन्नता गर्दैन र आफ्नो यस परीक्षामा असफल भई नर्कको हकदार भइहाल्छ ।

यस्तै जब अल्लाह कसैलाई नि:सन्तान बनाइदिन्छ त त्यो मान्छे त्यसमा संतोष नगरिकन् र जायज माध्यम नखोजिकन् हराम तरिका अपनाउँछ, बाबा, पीर, मिजार आदिमा गएर सन्तान माँग्छ । तर सन्तान दिनु, स्वास्थ दिनु सम्पत्ति दिनु त अल्लाहको हातमा छ, बाबा कसरी दिनसक्छ ? तर मान्छेलाई सन्तान

प्राप्तिको लोभले अनभिज्ञ बनाइदिन्छ त्यसलाई केही पनि समभ्क आउँदैन । त्यसको मात्र एउटै इच्छा हुन्छ त्यसलाई जसरी पनि सन्तान मिलोस् ।

यदि यो कुरा कुनै मनुष्यको हातमा हुन्थ्यो भने आज संसारमा कुनै मान्छे नि:सन्तान हुँदैन्थ्यो । अल्लाहको फर्मान छ :

﴿ لِّلَّهِ مُلْكُ ٱلسَّمَٰوَٰتِ وَٱلْأَرْضِ ۚ يَخْلُقُ مَا يَشَآءُ ۚ يَهَبُ لِمَن يَشَآءُ إِنَٰثًا وَيَهَبُ لِمَن يَشَآءُ ٱلذُّكُورَ ﴿٤٩﴾ أَوْ يُزَوِّجُهُمْ ذُكْرَانًا وَإِنَٰثًا ۖ وَيَجْعَلُ مَن يَشَآءُ عَقِيمًا ۚ إِنَّهُۥ عَلِيمٌ قَدِيرٌ ﴿٥٠﴾ ﴾ الشورى: ٤٩ - ٥٠

अर्थ : सम्पूर्ण आकाश र पृथ्वीको सत्ता अल्लाहकै लागि हो । उसले जे चाहन्छ सृष्टि गर्दछ, जसलाई चाहन्छ, पुत्रीहरू प्रदान गर्दछ र जसलाई चाहन्छ, छोराहरू प्रदान गर्दछ, वा उनी दुवै छोरा र छोरी प्रदान गर्दछ र जसलाई चाहन्छ, नि:सन्तान गरिदिन्छ । निश्चय नै ऊ सर्वज्ञ ठूलो सामर्थ्यवान छ । ( सूरतुश्शूरा ४९,५० )

त हे भाइ ! वास्तवमा समस्त कुराहरू अल्लाहकै हुन् र हाम्रै लागि उत्पन्न गरिएका हुन् तर

त्यसको उपभोग गर्नुको उद्देश्यले नकि सीमा उल्लंघन गर्नुको लागि। अल्लाहको फर्मान छ :

﴿ هُوَ ٱلَّذِى خَلَقَ لَكُم مَّا فِى ٱلْأَرْضِ ﴾ البقرة: ٢٩

अर्थ : उही नै हो जसले तिम्रो लागि पृथ्वीमा भएका सारा कुराको सृष्टि गऱ्यो। ( सूरतुल् बकर: २९ )

र आर्को ठाउँमा अल्लाहको फर्मान छ :

﴿ ۞ ٱللَّهُ ٱلَّذِى سَخَّرَ لَكُمُ ٱلْبَحْرَ لِتَجْرِىَ ٱلْفُلْكُ فِيهِ بِأَمْرِهِۦ وَلِتَبْتَغُوا۟ مِن فَضْلِهِۦ وَلَعَلَّكُمْ تَشْكُرُونَ ﴿١٢﴾ وَسَخَّرَ لَكُم مَّا فِى ٱلسَّمَٰوَٰتِ وَمَا فِى ٱلْأَرْضِ جَمِيعًا مِّنْهُ ۚ إِنَّ فِى ذَٰلِكَ لَءَايَٰتٍ لِّقَوْمٍ يَتَفَكَّرُونَ ﴿١٣﴾ ﴾ الجاثية: ١٢ - ١٣

अर्थ : त्यो अल्लाह नै हो जसले समुन्द्रलाई तिम्रो वशीभूत गरिदिएको छ, ताकि उसको आदेशले त्यसमा डुङ्गाहरू चलुन्, र ताकि तिमीले उसको उदार अनुग्रह खोज: र यसकारण कि तिमी कृतज्ञता देखाऊ। जे-जाति कुरा आकाशहरूमा छन् र जे-जाति धरतीमा छन्, त्यसले ती सबैलाई आफ्नो तर्फबाट तिम्रो अधिकारमा लगाइराखेको छ। निश्चय नै यसमा ती मानिसहरूको निम्ति निशानीहरू छन्, जसले

बुद्धिले काम लिन्छन् । ( सूरतुल् जासिया १२,१३ )

र आर्को ठाउँमा अल्लाहको फर्मान छ :

﴿ هُوَ ٱلَّذِى جَعَلَ لَكُمُ ٱلۡأَرۡضَ ذَلُولٗا فَٱمۡشُواْ فِى مَنَاكِبِهَا وَكُلُواْ مِن رِّزۡقِهِۦۖ وَإِلَيۡهِ ٱلنُّشُورُ ١٥ ﴾ الملك: ١٥

अर्थ : उही त हो जसले तिम्रो निम्ति धरतीलाई नरम र अधीनस्थ गर्‍यो । ताकि तिमीले उसका बाटाहरूमा हिंड्डुल गर्ने गर र अल्लाहद्धारा प्रदान गरिएको जीविका उपभोग गर, र तिमीलाई उसैको पासमा दोस्रोपटक जीवित भएर जानुपर्नेछ । ( सूरतुल् मुल्क १५ )

तर त्यस स्रष्टाले एउटा विधान र कानून पनि बनाएको छ तसर्थ त्यसको उल्लंघन गर्नु त्यस स्रष्टाको अवज्ञा र अट्टेरी गर्नु हो ।

जब एउटा राजा जुनकि सृष्टि मध्येको हो आफूले बनाएको कानुनको उल्लंघनकारीबाट क्रोधित भई त्यस उल्लंघनकारीलाई दण्डित गर्छ, त के त्यस स्रष्टालाई त्यसले निर्धारित गरेको कानुनको उल्लंघन गरेमा क्रोध आउँदैन ? अवश्य आउँछ । तै पनि त्यसले उल्लंघनकारीलाई प्रयाश्चितको अवसर प्रदान गरेको छ र प्रयाश्चितको मार्ग खुल्ला राखेको छ

र यो आदेश गरेको छ कि तिमीले सीमा उल्लंघन गर्‍यौ भने मसित क्षमाको याचना गर म क्षमा प्रदान गर्नेवाला क्षमादाता हूँ । अल्लाहको फर्मान छ :

﴿ أَفَلَا يَتُوبُونَ إِلَى ٱللَّهِ وَيَسۡتَغۡفِرُونَهُۥۚ وَٱللَّهُ غَفُورٞ رَّحِيمٞ ٧٤ ﴾ المائدة: ٧٤

अर्थ : (तसर्थ) यिनीहरूले अल्लाहको अगाडि किन नतमस्तक हुँदैनन् र किन आफ्ना त्रुटिहरूका लागि क्षमा माँग्दैनन् । अल्लाह त ठूलो क्षमा प्रदान गर्नेवाला कृपालु छ । ( सूरतुल् माइद: ७४ )

र आर्को ठाउँमा अल्लाहको फर्मान छ :

﴿ ۞ قُلۡ يَٰعِبَادِيَ ٱلَّذِينَ أَسۡرَفُواْ عَلَىٰٓ أَنفُسِهِمۡ لَا تَقۡنَطُواْ مِن رَّحۡمَةِ ٱللَّهِۚ إِنَّ ٱللَّهَ يَغۡفِرُ ٱلذُّنُوبَ جَمِيعًاۚ إِنَّهُۥ هُوَ ٱلۡغَفُورُ ٱلرَّحِيمُ ٥٣ ﴾ الزمر: ٥٣

अर्थ : मेरो तर्फबाट भन्नुस् कि "हे मेरा भक्तहरू ! जसले आफूमाथि नै अतिक्रमण गरेका छन्, तिमी अल्लाहको दयाबाट निराश नहोऊ । नि:सन्देह अल्लाहले सारा पापहरूलाई क्षमा

गरिदिन्छ। निश्चय नै ऊ बडो क्षमाशील र अत्यन्त दयावान् छ। ( सूरतुज्जुमर ५३ )
अर्थात यदि कुनै मान्छे शैतानको फकाईमा आएर वा आफ्नो लालसाको कारण सीमा अतिक्रमण गरिसकेको छ भने अल्लाहसित क्षमायाचना गरोस् अल्लाह परम् दयालु छ त्यो सबै पापलाई क्षमा गर्नेवाला छ जस्तोकि पवित्र कुरआनका श्लोकहरूबाट सिद्ध भयो । र यो हदीसे कुद्सीलाई पनि हेर्नुस् ! अल्लाहको फर्मान छ जसलाई रसूल सल्लल्लाहो अलैहे वसल्लमले आफ्नो शब्दमा यसरी वर्णन गर्नु भएको छ : " अल्लाह भन्छः हे मेरा भक्तहरू मैले आफूमाथि अत्याचारलाई हराम (वर्जित) गरिलिएको छु र तिमीहरूमाथि पनि त्यसलाई हराम गरिदिएको छु, यसर्थ तिमीहरू आपसमा एकआर्का माथि अत्याचार नगर, हे मेरा भक्तहरू तिमी सबै पथविचलित छौ त्यस बाहेक जसलाई मैले मार्गदर्शन प्रदान गरें यसर्थ मसित मार्गदर्शनको याचना गर, म तिमीलाई पनि मार्गदर्शन गर्नेछु, हे मेरा भक्तहरू तिमी सबै भुखा हौ त्यस बाहेक जसलाई मैले भोजन गराएँ, यसर्थ मसित भोजनको याचना गर, मतिमीलाई पनि खुवाउने छु, हे मेरा भक्तहरू तिमी सबै

निःवस्त्र छौ त्यस बाहेक जसलाई मैले वस्त्रवान बनाएँ, यसर्थ मसित वस्त्र प्रदान गर्नुको विन्ती गर, म तिमीलाई पनि वस्त्रवान बनाइदिने छु, हे मेरा भक्तहरू तिमीहरू रातदिन पाप गरिरहन्छौ तर म पापलाई क्षमा गर्नेवाला हूँ, यसर्थ मसित क्षमायाचना गर म तिम्रा समस्त दोषपापलाई क्षमा गरिदिने छु, हे मेरा भक्तहरू तिमीमा यो सामर्थ्य छैन कि मलाई हानि पुऱ्याउन सक नत यो सामर्थ्य नै छ कि मलाई लाभ पुऱ्याउन सक, हे मेरा भक्तहरू यदि तिमीहरूका पहिला एवं पछिका मानव र दानवजातिहरू एकत्र भएर समपूर्ण एउटै मानिस झैं सदाचारी भइजाऊ तै पनि त्यसद्वारा मेरो स्वामित्व र सत्तामा एक कणको पनि वृद्धि हुन्न, र यदि तिमीहरूका पहिला र पछिका समस्त मानव र दानवजातिहरू एउटै मानिस सरह भएर पापी भइजाऊ त यस कार्यबाट पनि मेरो स्वामित्व र सत्तामा कुनै प्रकारको कमी हुनेवाला छैन, हे मेरा भक्तहरू यदि तिमीहरूका पहिला एवं पछिका मानव र दानवजातिहरू एकै ठाउँमा एकत्रित भएर एकै चोटि समस्तले मसित जेजसलाई इच्छा होस् माँगोस् भने म सबैलाई त्यसको माँग अनुसार प्रदान गर्नेछु र यस कार्यले जुन मसित छ

त्यसमा त्यति पनि कमी गर्दैन जतिकि एउटा सियोलाई समुन्द्रमा हालेर निकाले पश्चात समुन्द्रको पानीमा हुन्छ (अर्थात सियोलाई समुन्द्रबाट निकाले पश्चात जति पानी त्यसमा लिप्त भएर आउँछ त्यति पानी जति पनि कमी हुँदैन) हे मेरा भक्तहरू यो तिमीहरूका कर्महरू हुन् जसको म आँकलन गरिरहेको छु, फेरि तिमीलाई यसको पूरापूर प्रतिफल प्रदान गर्नेछु, त जसले भलाई प्राप्त गऱ्यो त्यसलाई चाहियो कि अल्लाहको कृतज्ञता प्रकट गरोस्, र जसले भलाई बाहेक केही अरु प्राप्त गऱ्यो त त्यसले आफू बाहेक कसैलाई तिरस्कृत नगरोस् "। (यस हदीसलाई मुस्लिमले किताबुल् बिर्रे वस्सिलामा अध्याया तहरीमुज्जुल्म अन्तर्गत वर्णन गर्नु भएको छ हदीस नं. २५७७ )

र एउटा आर्को हदीसबाट यसकुरालाई अरु स्पष्ट गर्दछु जसमा यो वर्णन छ कि एउटा मान्छेले एक सय १०० हत्या गरे पश्चात पनि अल्लाहको कृपाबाट निराश भएन अनि अल्लाहले त्यस मान्छेलाई क्षमा प्रदान गऱ्यो, किनकि त्यो मान्छे स्वच्छ हृदयले पूर्ण निष्ठाको साथ क्षमायाचनाको इच्छुक थियो, जबकि हत्या अल्लाह निकट महा पाप हो जस्तोकि अल्लाहको फर्मान छ :

﴿ مَن قَتَلَ نَفۡسَۢا بِغَيۡرِ نَفۡسٍ أَوۡ فَسَادٖ فِي ٱلۡأَرۡضِ
فَكَأَنَّمَا قَتَلَ ٱلنَّاسَ جَمِيعٗا وَمَنۡ أَحۡيَاهَا
فَكَأَنَّمَآ أَحۡيَا ٱلنَّاسَ جَمِيعٗاۚ ﴾ المائدة: ٣٢

अर्थ : यदि कुनै मानिसले कुनै मानिसको हत्या गर्दछ कसैको हत्या गरेको वा देशमा उपद्रव फैलाउने बाहेकको अवस्थामा, भने त्यसले अन्य तमाम मानिसहरूको हत्या गरे सरह हुनेछ, र यदि कसैले एउटाको जीवन बचायो भने सम्पूर्ण मानिसहरूको जीवन बचाए सरह हुन्छ। ( सूरतुल् माइदः ३२ )

तर यो मान्छेले एक होइन १०० मान्छेको हत्या गरेको थियो तै पनि क्षमायाचना गऱ्यो र निष्ठापूर्ण क्षमायाचना गऱ्यो अनि क्षमादान पायो हदीस हेर्नुस् !

अर्थ : अबू सईद खुदरी रजिअल्लाहो अन्होको वर्णन गर्नुहुन्छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो : तिमीहरू भन्दा पहिला विगतको युगमा एउटा यस्तो मान्छे थियो जसले ९९ मान्छेहरूको हत्या गरेको थियो अनि पश्चाताप गर्ने नीयतले त्यसले सर्वश्रेष्ठ विद्वानको बारेमा अरुसित प्रश्न गर्नथाल्यो ताकि

त्यसबाट आफ्नो मुक्तिको मार्ग सोधोस् । अनि त्यससित भनियो कि एउटा यस्तो राहिब ( तपस्सवी) छ जस्तो मान्छे तिमी खोजिराखेका छौ । अनि त्यो मान्छे त्यस तस्सिवीकहाँ गई सोध्यो: मैले ९९ मान्छेको हत्या गरेको छु के मेरो उद्धारको कुनै मार्ग छ ? त त्यस तपस्सवीले भन्यो: छैन तिम्रो उद्धारको कुनै मार्ग छैन । अनि त्यस मान्छेले त्यस तपस्सवी अर्थात राहिबलाई पनि हत्या गरेर १०० हत्याको संख्या पूर्ण गऱ्यो । फेरि मान्छेहरूसित संसारको सर्वश्रेष्ठ विद्को बारेमा सोध्यो अनि त्यसलाई एउटा विद्वानको बारेमा बताइयो, त त्यो मान्छे त्यस विद् सम्म पुगेर भन्यो: मैले सय मान्छेहरूको हत्या गरेको छु त के मेरो लागि क्षमायाचना र उद्धारको कुनै मार्ग छ ? त त्यस विद्ले भन्यो : हो मार्ग छ, र तिमी र तिम्रो क्षमायाचना बीच कुन चिज बाध्य हुन्सक्छर ? तिमी यस्तो गर कि फलाना स्थानमा गई बसोबास गर, किनकि त्यहाँका मान्छेहरू सदाचारी र वास्तविक भक्त छन् जुन मात्र अल्लाहको पूजा अराधना गर्छन् अनि तिमी पनि उनैको साथमा अल्लाहको भक्ति गर । र यादराख कि आफ्नो यस स्थानतिर कदापि नफर्कन् किनकि यो ठाउँमा पापीहरू बस्छन् ।

अनि त्यो मान्छे ती सुकर्मीहरूको नगर तर्फ हिंडी हाल्यो । अनि जब त्यो मार्गको माध्यमा आइपुग्यो त त्यसको मृत्युको समय आइपुग्यो । त ज्यान निकाल्ने यातना र दयाको फरिश्ताहरू आपसमा झगडा गर्नथाले यातनाका फरिश्ताहरू भन्नथाले कि यसले आफ्नो पूर्ण जीवनमा कुनै सुकर्म गरेको छैन यसलेगर्दा यसको ज्यान हामी निष्कासित गर्छौं । र दयाका परिश्ताहरूले भने यसले निष्ठापूर्वक क्षमायाचना गरेको छ र अल्लाहको दया एवं सुमार्गतर्फ फर्केर आइसकेको छ यसले यसको ज्यान हामी निष्कासित गर्छौं । अनि दुवै समूहको यस झगडाको समाधानको लागि एउटा आर्को फरिश्ता मानवको रूप धारण गरी दर्शित भयो, अनि दुवै समूहले त्यससित अआफ्ना मुद्दा राखे र त्यसलाई आफूहरू बीच न्यायकर्ता स्वीकारे । त त्यसले दुवै समूहसित भन्यो : तिमीहरू यसोगर कि कुकर्मी र सुकर्मीहरूको नगर बीचको दूरीलाई माप गर, यदि यसको मृत्युको समय सुकर्मीहरूको नगरभन्दा नजीक भएको छ भने यसको ज्यान दयाका फरिश्ताहरू निकालुन्, तर यदि कुकर्मीहरूको नगर नजिक भएछ भने यातनाका फरिश्ताहरू यसको ज्यान निकालुन् । अनि नापी

गरियो त त्यो मान्छे सुकर्मीहरूको नगरको अलि नजिक पुगिसकेको थियो, अनि दयाका फरिश्ताहरूले त्यसको आत्मा निष्कासित गरे । र त्यस मान्छेलाई क्षमा प्रदान गरियो । ( बुखारी, मुस्लिम )

हे भाइ हेर्नु भयो ! मात्र सुकर्मको इच्छा गर्नाले त्यस मान्छेको विगतका सबै पापहरू क्षमा गरियो । यदि तपाईले पनि आफ्नो आत्मामाथि अत्याचार गर्नु भएको छ र अल्लाहले निर्धारित गरेका सीमाहरूको अतिक्रमण गर्नु भएको छ भने आजै स्वच्छ हृदयले क्षमायाचना गर अल्लाह परम् कृपालु एवं दयालु छ तिमीलाई क्षमादान दिनेछ । र आफ्नो वासना र हवस पछि नलाग धेरै लालसा नगर किनकि इच्छा र लालसाको कुनै अन्त छैन कुनै सीमा छैन जस्तोकि रसूल सल्लल्लाहो अलैहे वसल्लमले सहाबाहरूलाई उपदेश गर्दै भन्नु भएको छ : “उहाँ सल्लल्लाहो अलैहे वसल्लमले एउटा चारकुने धर्को बनाउनु भयो र भन्नु भयो यो मृत्यु हो जुन मनुष्यलाई चारैतिरबाट घेरेको हुन्छ र त्यो घेराको बीचलाई भन्नु भयो यो मनुष्य हो, र घेराको बीचदेखि घेराको बाहिर सम्म एउटा धर्को बनाउनु भयो र भन्नु भयो यो त्यसका इच्छाहरू हुन् र

सीमाभन्दा बाहिर नाघेका धर्को त्यसका ती इच्छाहरू हुन् जुन पूर्ण गर्नुमा त्यो असमर्थ हुन्छ, र घेरा भित्र ससाना धर्कोहरू बनाइ भन्नु भयो यी ती कष्टहरू हुन् जुन त्यसमाथि अवतरित हुँदै रहन्छन्" ( बुखारी )

त वास्तवमा मनुष्यका इच्छाहरूको कुनै सीमा छैन र त्यसको मृत्युको समय पनि निर्धारित छ जुन त्यसलाई एक क्षणको पनि मौका प्रदान गर्दैन । तसर्थ कुरालाई बुझ्ने प्रयत्न गर्नुस्, र आजैदेखि असीमित इच्छापूर्तिबाट पन्छिनुस् । र अल्लाहतर्फ प्रवृत्त हुनुस् किनकि जति थुप्रै धन सम्पत्ति स्त्री र सन्तानहरू भए पनि कम नै लाग्दछ र अरुको इच्छा बाँकी नै रहन्छ । र एक दिन मान्छे सबैलाई यसै संसारमा छाडी परलोकतर्फ लाग्छ । को छ जुन केही लिएर जानेछ, तिम्रो धन मात्र त्यही हो जसको तिमीले सद्उपयोग गर्‍यौ बाँकी त तिम्रो होइन तिमी पछि तिम्रा सन्तानहरूको हो । जस धनलाई थुपार्नुको लागि तिमीले हलाल र हराम हेरेनौं त्यसै धनलाई तिमी पछि तिम्रा सन्तानहरूले के कसरी अपव्यय तरिकाले उडाउँछन् यसको ज्ञान र अनुभवको लागि आफूभन्दा पहिलाका मान्छेहरूको वृतान्तलाई हेर र आफ्ना

साथीभाइका सन्तानलाई हेर । र कतिपयका सन्तानहरू त त्यसै धनको कारण आपसमा एकआर्काका शत्रु भए त यदि बुद्धिमान छौ भने उपदेश ग्रहण गर ।

मरणोपरान्त नत तिम्रो सन्तान काम लाग्ने छ जसको लागि यति परिश्रम गरेर सम्पत्ति थुपाऱ्यौ, नत तिम्रो त्यो माल नै काम लाग्ने छ जसलाई कसैको हक हनन् गरेर जम्मा गरेका छौ, बरु मात्र तिम्रो सुकर्म नै तिम्रो साथी हुनेछ जसलाई तिमी बिर्सि सकेका छौ ।

त हे आदरणीय पाठकहरू ! विचार गर र मनथन गरेर मेरो कुरालाई पत्तयाऊ यदि वास्तवमा मैले सत्य कुरा लेखेको छु भने यसको आधारमा जीवन व्यतीत गर्ने प्रण गर ।

हे बुद्धिजिवीहरू ! यो धन कसको साथ दिन्छ यो त त्यस वेश्या झैं छ जुन कसैको हुँदैन नत कसैको साथ दिन्छ, तसर्थ यसको पछिपछि किन दुगुर्नु हुन्छ । एउटा यस्तो दिन अवश्य आउने छ जसदिन नत यो सम्पत्ति बाँच्ने छ नत संसार अनि केको लागि यत्रो लोभ ?

हे भाइ ! यो प्रष्ट भइसकेको छ कि निर्धनता र सम्पन्नता हाम्रो लागि परीक्षा हुन्, तसर्थ यस परीक्षामा सफल र उत्तीर्ण हुने प्रयत्न गर, र

मायाजालबाट बाहिर आऊ र क्षमायाचना गरिहाल र निष्ठापूर्वक पूर्णरूपले धर्ममा प्रवेश गरिहाल यसैमा तिम्रो भलाई पनि छ र समाज र देशको भलाई पनि यसैमा नीहित छ ।
यदि सबै नगर बासी र देश बासी सुमार्गी भइहालुन् भने अत्याचार व्यभिचार झूठ षडयन्त्र विश्वासघात.... आदिलाई त्यागे भने समाज र देशको उन्नति सुनिश्चित छ । र हाम्रो पनि यस लोकको साथ साथै परलोकको जीवन सुखमय र मंगलमय भइहाल्छ । यसलेगर्दा आजैदेखि पाप र अन्याय एवं अत्याचारको मार्गलाई त्यागी सुमार्गी बन, र अल्लाहसित क्षमायाचना गर, त्यो महान क्षमादाता एवं कृपालु र दयालु छ , त्यो तिमीलाई अवश्य मुक्ति प्रदान गर्नेछ । अल्लाहको फर्मान छ :

﴿ نَبِّئْ عِبَادِي أَنِّي أَنَا الْغَفُورُ الرَّحِيمُ ﴿٤٩﴾ ﴾
الحجر: ٤٩

अर्थ : (हे पैगम्बर !) मेरा भक्तजनहरूलाई भनिदिनुस्: कि म बडो क्षमादाता र दयावान छुँ । ( सूरतुल् हिज्र ४९ )
र हदीसमा वर्णित छ “हजरत अबू हुरैरह रजिअल्लाहो अन्हो वर्णन गर्नुहुन्छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो : कि

अल्लाहका सय दयाहरू छन्, जस मध्ये मात्र एउटालाई मानव दानव पशुपंक्षीहरूमा अवतरित र वितरण गरेको छ जसद्वारा ती समस्त आपसमा दया र कृपा गर्छन् र जनावर आफ्नो बच्चाहरूमाथि दयादृष्टि गर्छन्, र अल्लाहले ९९ दयालाई आफूसित सुरक्षित राखेको छ जसद्वारा प्रलयको दिन आफ्नो भक्तहरूमाथि दया गर्ने छ " । ( मुस्लिम हदीस नं.६९०८ )

र आर्को हदीसमा वर्णित छ : "हजरत उमर बिन खत्ताब रजिअल्लाहो हन्हो वर्णन गर्नु हुन्छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लम समक्ष युद्धमा बन्दीभएका दासहरूलाई ल्याइयो जसमा एउटी स्त्री पनि थिई जुन आफ्नो बच्चालाई हेर्दै हिंडी राखेको थिई, अनि त्यसले आफ्नो शिशुलाई हेरे बित्तिकै त्यसलाई आफ्नो छातीबाट लगायो र त्यसलाई दूध खुवाउन थाल्यो, त रसूल सल्लल्लाहो अलैहे वसल्लमले हामीहरूसित सोधे कि तिमीहरूको के विचार छ के यो स्त्री आफ्नो बच्चालाई आगोमा फाल्न सक्छे ? त हामीहरूले भनें कदापि यो यस्तो गर्न सक्दैन । त रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो अल्लाह आफ्नो भक्तहरूमाथि यस स्त्रीभन्दा अधिक

दयालु छ "। ( बुखारी हदीस नं.५६५३ , मुस्लिम हदीस नं.६९१२ )
र आर्को हदीसमा छ : " रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: कोही पनि आफ्नो कर्मको आधारमा स्वर्गमा प्रवेश पाउँदैन, त सहाबाले भन्नु भयो: हजुर पनि ? त उहाँ सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: हो म पनि आफ्नो कर्मको आधारमा स्वर्गमा प्रवेश गर्दैन यहाँसम्म कि अल्लाहको कृपाले मलाई नछोपोस् " । ( बुखारी हदीस नं. ५३४९, र मुस्लिम हदीस नं.७०४२ )
तसर्थ हे भाइ अल्लाहसित क्षमायाचना गर र मालको निराधार लालसालाई त्याग, र अल्लाहको कृपाको अभिलाषी बन । अल्लाहसित प्रार्थना छ कि अल्लाह हामी सबैलाई धन सम्पत्ति महिला सन्तानको अनावश्यक लोभ लालसाबाट जोगाउन् र हामीहरूलाई आफ्ना धन सम्पत्तिलाई अल्लाहको मार्गमा खर्च गर्ने सुअवसर प्रदान गरुन् र हामीलाई यस संसारीय परीक्षामा सफल बनाउन् आमीन ।
अन्तमा अल्लाह सित प्रार्थना छ कि अल्लाह हामीलाई धर्म इस्लामलाई पूर्णरूपले स्वीकार गर्ने सौभाग्य प्रदान गरुन् । र त्यसका समस्त

निर्देशनहरूलाई अपनाई त्यसबाट लाभान्वित हुने सुअवसर प्रदान गरुन् । र हाम्रा माल सम्पत्ति र संतानमा वृद्धि गरुन् । र हाम्रा निःसंतान दाजुभाइ र दिदीबहिनीहरूलाई संतान प्रदान गरी उहाँहरूको मुटुलाई शीतल पारुन् । र जेजति हामीले अज्ञानताले पापहरू गरेका छौ त्यसलाई क्षमा गरी हाम्रा पापहरूलाई पुण्यमा परिणत गरुन्, र हामीलाई कुरआन र हदीसको अनुशरण गर्ने शक्ति प्रदान गरी स्वर्ग प्रदान गरुन् । ( आमीन )

# *समाप्त*


***लेखक***

**अतीकुर्रहमान मोहम्मद इदरीस खान मक्की**

**कपिलवस्तु नगर पालिका र्वाड नं.९**

**महुवा तौलिहवा कपिलवस्तु**

**नेपाल**

Mob. No.00977-9814499140-
9727649238
00966-0501372254

Email-
atiqkhannp1982@yahoo.com